# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, बैशाख १५ गते, २०८३ साल (अतिरिक्ताङ्क ३

## भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## उद्योग, कृषि तथा सहकारी मन्त्रालयको सूचना

# कोशी प्रदेश कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३

**<u>प्रस्तावना:</u>** प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा ५ को खण्ड (घ) बमोजिमको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "**कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३**" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>कोशी प्रदेश कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१ को दफा ३ मा संशोधनः</u>** कोशी प्रदेश कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ३ को खण्ड (ग) झिकिएको छ।

३. **<u>मूल कार्यविधिको दफा ४ मा संशोधनः</u>**मूल कार्यविधिको दफा ४ को खण्ड (च) मा रहेका "अनुसूची-३" भन्ने शब्दहरूको सट्टा "अनुसूची-१" भन्ने शब्दहरू राखिएका छन्।

४. **<u>मूल कार्यविधिको दफा ५ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ५ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) खण्ड (ग) बमोजिम छनोट भएको बैंकसँग मन्त्रालयले स्वीकृत वार्षिक बजेटको सीमाभित्र रही अनुसूची-३ बमोजिमका विषयहरू खुलाई सम्झौता गर्नु पर्नेछ।"

५. **<u>मूल कार्यविधिको दफा ६ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ६ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) बैंकले कर्जा उपलब्ध गराउँदा परियोजना अनुसार जारी गरिने कर्जालाई अवधि कर्जा (टर्म लोन), चालु कर्जा (वर्किङ् क्यापिटल) वा दुबै उपलब्ध गराउन सक्नेछ।

तर चालु कर्जाको हकमा प्रत्येक आर्थिक वर्षको त्रैमासिक अवधिभित्र सम्बन्धित कार्यालयको प्राविधिक उपयुक्तताको सिफारिस लिनु पर्नेछ।"

६. **<u>मूल कार्यविधिको दफा ७ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ७ को खण्ड (क) मा रहेका "न्यूनतम दश लाख रुपैयाँ देखि" भन्ने शब्दहरूको सट्टा "न्यूनतम पाँच लाख रुपैयाँ देखि" भन्ने शब्दहरू राखिएका छन्।

७. **<u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u>** मूल कार्यविधिको दफा १० को उपदफा (१) मा रहेका "कृषि कर्जाको ब्याज अनुदान प्राप्त गर्न बैंकले" भन्ने शब्दहरूपछि "सम्बन्धित कार्यालयको कर्मचारीको संलग्नतामा" भन्ने शब्दहरू थप गरिएका छन्।

८. **<u>मूल कार्यविधिको दफा ११ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ११ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) खण्ड (ग) बमोजिम छनोट भएको वित्तीय संस्थासँग मन्त्रालयले स्वीकृत वार्षिक बजेटको सीमा भित्र रही अनुसूची-३ बमोजिमका विषयहरू खुलाई सम्झौता गर्नु पर्नेछ।"

९. **<u>मूल कार्यविधिको दफा १२ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १२ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

(छ) "वित्तीय संस्थाले कर्जा उपलब्ध गराउँदा परियोजना अनुसार जारी गरिने कर्जालाई अवधि कर्जा (टर्म लोन), चालु कर्जा (वर्किङ् क्यापिटल) वा दुबै उपलब्ध गराउन सक्नेछ।

तर चालु कर्जाको हकमा प्रत्येक आर्थिक वर्षको त्रैमासिक अवधि भित्र सम्बन्धित कार्यालयको प्राविधिक उपयुक्तताको सिफारिस लिनु पर्नेछ।"

१०. **<u>मूल कार्यविधिको दफा १६ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १६ को खण्ड (क) मा रहेका "कृषि कर्जाको ब्याज अनुदान प्राप्त गर्न वित्तीय संस्थाले" भन्ने शब्दहरू पछि "सम्बन्धित कार्यालयको कर्मचारीको संलग्नतामा" भन्ने शब्दहरू थप गरिएका छन्।

११. **<u>मूल कार्यविधिको दफा १७ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १७ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) खण्ड (घ) अनुसार छनोट भएको सहकारी संस्थासँग मन्त्रालयलेस्वीकृत वार्षिक बजेटको सीमा भित्र रही अनुसूची-३ बमोजिमका विषयहरू खुलाई सम्झौता गर्नुपर्नेछ। मन्त्रालयले सम्झौता गरेको सहकारी संस्थाको नाम, ठेगाना र कार्यक्षेत्र मन्त्रालयको वेभसाईटमा राखि सम्बन्धित कार्यालय र सरोकारवालालाई सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।"

१२. <u>मूल कार्यविधिको दफा १८ मा संशोधनः</u> मूल कार्यविधिको दफा १८ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) सहकारीले कर्जा उपलब्ध गराउँदा परियोजना अनुसार जारी गरिने कर्जालाई अवधि कर्जा (टर्म लोन), चालु कर्जा (वर्किङ् क्यापिटल) वा दुबै उपलब्ध गराउन सक्नेछ।

तर चालु कर्जाको हकमा प्रत्येक आर्थिक बर्षको त्रैमासिक अवधि भित्र सम्बन्धित कार्यालयको प्राविधिक उपयुक्तताको सिफारिस लिनु पर्नेछ।"

१३. <u>मूल कार्यविधिको दफा २२ मा संशोधनः</u> मूल कार्यविधिको दफा २२ को खण्ड (क) मा रहेका "कृषि कर्जाको ब्याज अनुदान प्राप्त गर्न सहकारीले" भन्ने शब्दहरू पछि" सम्बन्धित कार्यालयको कर्मचारीको संलग्नतामा" भन्ने शब्दहरू थप गरिएका छन्।

१४. <u>मूल कार्यविधिको दफा २५ मा संशोधनः</u> मूल कार्यविधिको दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छः-

"२५. <u>बजेट तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धमाः</u> (१) मन्त्रालयले ब्याज अनुदान कार्यक्रमको तथ्याङ्क व्यवस्थापन गर्न व्यवस्थित सफ्टवेर प्रणाली बनाई लागु गर्नु पर्नेछ।

(२) मन्त्रलयले वार्षिक रुपमा कृषि कर्जा उपलब्ध गराइएका कृषि उद्यमी र प्रति वर्ष थप हुने नयाँ कृषि उद्यमीको सङ्ख्या र कृषि कर्जाको परिमाण प्रक्षेपण गरी मन्त्रालयलाई प्राप्त बजेट सिलिङ्गबाट उच्च प्राथमिकता साथ कृषि कर्जामा ब्याज अनुदानका लागि बजेट व्यवस्थापन गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम बैंक, वित्तीय संस्था र सहकारीबाट कृषि उद्यमीलाई भुक्तानी दिएको विवरण भुक्तानी भएको मितिले सात दिनभित्र मन्त्रालयको वेवसाईट मार्फत् सार्वजनिक गर्नु पर्नेछ।"

१५. <u>मूल कार्यविधिको अनुसूची-१ मा संशोधनः</u> मूल कार्यविधिको "अनुसूची-१" को सट्टा देहायको "अनुसूची-१" राखिएको छः-

"अनुसूची-१

(दफा ३ को खण्ड (क), दफा ६ को खण्ड (ख), दफा ७ को खण्ड (क), (ख) र (ग), दफा १२ को खण्ड (ख), दफा १३ को खण्ड (ख), (ग), (घ) र (ङ),दफा १८ को खण्ड (ख) र दफा १९ को खण्ड (क) सँग सम्बन्धित)

<u>ब्याज अनुदानको लागि कृषि व्यवसाय र ब्याज अनुदान भुक्तानी अधिकतम अवधि</u>

| सि. नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| क. | कृषि उद्यमीका सम्बद्ध परियोजना (बैंक मार्फत न्यूनतम पाँच लाख देखि अधिकतम पचास लाख रुपैयाँ सम्मको कृषि कर्जा/वित्तीय संस्था मार्फत् अधिकतम सात लाख सम्मको कृषि कर्जा/सहकारी संस्था मार्फत् अधिकतम दशलाख सम्मको कृषि कर्जा) | |
| १. | पशुपालन (गाई/भैंसी) | ५ |
| २. | पशुपालन (भेडा/बाखा/बङ्गुर) | ३ |
| ३. | माछापालन (पोखरी/भुरा उत्पादन/रेसवे निर्माण सहितको) | ५ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

| सि. नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| ४. | माछापालन (तयारी पोखरी/रेसवे भएको अवस्था) | ३ |
| ५. | कुखुरापालन (ब्रोइलर) | ३ |
| ६. | कुखुरापालन (लेयर्स/स्थानीय) | ३ |
| ७ | बिशिष्ट जातको पशुपन्छी (कालिज/टर्की/बट्टाई आदि) | ३ |
| ८ | व्यवसायिक पशुपालन फार्महरूका लागि साईलेज तयारी सम्बद्ध यन्त्र उपकरण तथा भण्डारण संरचना निर्माण | ५ |
| ९ | पशुपन्छी उपचार प्रयोगशाला उपकरण,कृत्रिम गर्भाधान उपकरण खरिद | ३ |
| १० | पशुपन्छीजन्य उत्पादनको प्रशोधन, भण्डारण र बजारीकरण | ५ |
| ११ | तरकारी खेती तथा बजारिकरण | ३ |
| १२ | फलफूल उत्पादन (हिउँदे फलफूल/सुन्तला जात/आँप/किवी/सिउडी फल/लिची/अम्वा/एभोकाडो आदि) | ५ |
| १३ | फलफूल उत्पादन (भुँइकटहर/केरा/मेवा/स्ट्रवेरी) | ३ |
| १४ | फलफूल नर्सरी स्थापना तथा सञ्चालन | ३ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सि. नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| १५ | पुष्प व्यवसाय/पुष्प नर्सरी स्थापना तथा सञ्चालन | ३ |
| १६ | खाद्यान्न बिउ उत्पादन | ३ |
| १७ | मह उत्पादन तथा प्रशोधन | ३ |
| १८ | च्याउ उत्पादन तथा बजारीकरण | ३ |
| १९ | उखु,कफी,चिया,अलैंची,अदुवा,बेसार, सुपारी, रबर, मेकाडेमिया नट, सजिवन उत्पादन, भण्डारण,प्रशोधन र बजारीकरण | ५ |
| २० | सूर्यमुखी, कपास, सनपाट,तेलहन, दलहन, कोदो, जौ, फापर, सिलाम, गहत,मस्याङ्ग लगायत स्थानीय रैथानेबाली, अकबरे खुर्सानी उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण | ३ |
| २१ | प्राङ्गारिक तथा जैविक मल/जैविक विषादी उत्पादन तथा बजारीकरण | ५ |
| २२ | प्राकृतिक रेशाजन्य बालीको खेती गरी रेशा प्रशोधन लगायत कृषि उपजको प्रशोधन,भण्डारण र बजारीकरण | ३ |
| २३ | कृषि उपजको प्रशोधन,भण्डारण र बजारीकरण | ५ |
| २४ | कृषि उपजहरूको उत्पादनसँग सम्बन्धित व्यवसायलाई चालु | १ (वार्षिक नवीकरण) |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सि. नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| | पुँजी कर्जा वर्किङ् क्यापिटल (भौतिक पूर्वाधार नभएको) | |
| २५ | कृषि उपजहरूको उत्पादन र भण्डारण सँग सम्बन्धित व्यवसाय (भौतिक पूर्वाधार भएको) | ५ |
| २६ | विद्यमान गाई, गोरु, भैंसी, राँगा पालन/बाख्रापालन/ बङ्गुरपालन व्यवसायका लागि चालु पुँजी कर्जा वर्किङ् क्यापिटल | १ (वार्षिक नवीकरण) |
| २७ | कृषि यन्त्र उपकरण औजार उत्पादन | ५ |
| २८ | कृषि यन्त्र उपकरण औजार,कृषि उपज ढुवानी साधन खरिद | १-३ (वार्षिक नवीकरण) |
| २९ | डेरी उद्योग/माछा प्रसोधन/मासु प्रशोधनउद्यम स्थापना तथा सञ्चालन | ५ |
| ३० | माछामासु पसाल सुधार तथा बिक्री केन्द्र स्थापना | ५ |
| ३१ | पशुपन्छी/माछाको दाना उत्पादन | ५ |
| ख. | कृषि उपजको मूल्य अभिवृद्धि सम्बद्ध उद्योगले सञ्चालन गर्ने परियोजनाका लागि मात्र (बैंक मार्फत् अधिकत तीन करोड रुपैया सम्मको कृषि कर्जा) | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सि. नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| १ | कृषि उपजको (खाद्यान्न, खाद्यान्न बिउ,रैथाने बाली, फलफूल, तरकारी, अकबरे खुर्सानी, आलु, चिया, कफी, अदुवा, बेसार, अलैंची, तेलहन, दलहन, सुपारी, दूध, मासु, माछा, मह र च्याउ) मूल्य अभिवृद्धि सम्बन्धी परियोजना | ५ |
| २ | प्राङ्गारिक मल उत्पादन तथा बजारिकरण सम्बद्ध परियोजना | ५ |
| ३ | कस्टम ह्यारिङ्ग सेन्टर स्थापना तथा सञ्चालन सम्बन्धी परियोजना | ५ |
| ४ | डेरी उद्योग, मासु प्रसोधनउद्योग स्थापना तथा सञ्चालन सम्बन्धी परियोजना | ५ |
| ५. | कृषि यन्त्र उपकरण औजार उत्पादन सम्बन्धी परियोजना | ५ |
| ६. | पशुपन्छी/माछाको दाना उत्पादन सम्बन्धी परियोजना | ५ |
| ७. | पशु श्रोतकेन्द्र स्थापना तथा सञ्चालन (पशु श्रोतकेन्द्र निर्देशनालयबाट प्रमाणित) | ५ |
| ८. | वातानुकुलित पद्धतिमा कृषि र पशुपन्छीजन्य उत्पादन | ५ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सि. नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| ९. | स्वदेशी कृषि वस्तुको सङ्कलन प्रशोधन र बजारिकरण उद्योग स्थापना | ५ |
| ग. | सहकारी संस्थाले वित्तीय संस्थाबाट कृषि कर्जा लिई आफैंले सञ्चालन गर्ने उद्यम प्रयोजनका लागि तीन करोड सम्मको कृषि कर्जा | |
| १ | कस्टम ह्यारिङ्ग सेन्टर स्थापना तथा सञ्चालन सम्बन्धी परियोजना | ५ |
| २ | कृषि उपज (खाद्यान्न, खाद्यान्न बीउ, रैथाने बाली, फलफूल, तरकारी, अकबरे खुर्सानी, आलु, चिया, कफी, अदुवा, बेसार, अलैंची, तेलहन, दलहन, सुपारी, दूध, मासु, माछा, मह)प्रसोधन तथा मूल्य अभिवृद्धि सम्बद्ध परियोजना | ५ |
| ३ | प्राङ्गारिक मल उत्पादन सम्बद्ध परियोजना | ५ |
| ४ | डेरी उद्योग स्थापना र सञ्चालन परियोजना | ५ |
| ५. | साईलेज उत्पादन सम्बद्ध यन्त्र उपकरण तथा भण्डारण संरचना निर्माण | ५ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**द्रष्टव्यः** यस अनुसूचीको प्रयोजनको लागि "भौतिक पूर्वाधार" भन्नाले कृषि व्यवसायमा कम्तीमा तीन वर्षभन्दा बढी अवधि खप्ने कोल्ड स्टोर, रस्टिक स्टोर, फलामे ग्रीन हाउस, नेट हाउस, अन्य यस्तै प्रकृतिका कृषि सामग्री सम्झनु पर्छ। यस्ता भौतिक पूर्वाधारहरू निर्माण गर्दा मन्त्रालयबाट स्वीकृत पूर्वाधारका मापदण्ड तथा प्रचलित ऐन कानुनमा भएका व्यवस्थाहरूको पालना गर्नु पर्नेछ।"

१६. **मूल कार्यविधिको अनुसूची-५ मा संशोधनः** मूल कार्यविधिको "अनुसूची-५" को सट्टा देहायको "अनुसूची-५" राखिएको छः-

"अनुसूची-५

(दफा १० को उपदफा (१), दफा १६ को खण्ड (क) र दफा २२ को खण्ड (क) सँग सम्बन्धित)

बैंक/वित्त कम्पनी/लघुवित्त संस्था/सहकारी संस्था मार्फत सञ्चालित ब्याज अनुदान कार्यक्रमको अनुगमन प्रतिवेदनको ढाँचा

"बैंक/वित्तीय संस्था/सहकारी संस्थाले सम्बन्धित कार्यालयसँगको समन्वयमा ऋणीहरूको अनुगमन गरी तपसिल अनुसारको विवरण तयार गरी मन्त्रालयमा ब्याज अनुदान भुक्तानीका लागि सिफारिस गर्नुपर्नेछ।

१.ऋणीको विवरणः

| नामः | | ठेगाना | |
|---|---|---|---|
| व्यवसायको नाम | | सम्पर्क नम्बर | |
| कर्जा प्रवाह गर्ने बैंक/वित्त कम्पनी/लघुवित्त संस्था संस्था/सहकारी संस्था | | कर्जाको परिमाण रकम रु. | |
| कर्जा प्राप्त मिति | | साँवा र ब्याज भुक्तानी अन्तिम मिति | |

| | | | |
|---|---|---|---|
| कर्जा चुक्ता गर्ने अवधि | | त्रैमासिक किस्ता (ब्याज र | |
| हाल सम्म चुक्ता रकम | | | |

२. व्यवसायको विवरण र प्रगति अवस्थाः

| | |
|---|---|
| व्यवसायको नाम | |
| फर्ममा उत्पादन कृषि/पशुपन्छीजन्य उत्पादन/उपज विवरण | |
| फर्ममा कार्यरत मौसमी कर्मचारी सङ्ख्याः | |
| फर्ममा स्थायी कर्मचारी सङ्ख्याः | |
| फर्ममा उत्पादित कृषि उपजको बिक्रीबाट प्राप्त मासिक आम्दानीरुपैयाँ | रुपैयाँ |
| व्यवसायको विमा गरेको कम्पनी र मितिः | |
| स्वीकृ तपरियोजना अनुरुप काम भए/नभएको | |

३.व्यवसायको ऋण लगानी विवरणः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | पुँजीगत खर्चहरू | | | | | |
| क्र. सं. | भौतिक पूर्वाधारहरू/यन्त्र उपकरण / औजारहरू | नयाँ निर्माण वा मर्मत | सङ्ख्या | लागत रु. | लागत खुल्ने कागजपत्रहरू | कैफियत |
| | | | | | | |
| | | | | | | |
| ख | चालु खर्च (व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने बिउ/पशु नश्ल/विषादी/दाना/श्रमिक खर्च/बिजुली पानी/मल आदि लगायतका निरन्तर चाहिने सामग्रीहरू) | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| क्र. सं. | सामानहरूको विवरण | सङ्ख्या/परिमाण | लागत खर्च रु | लागत खुल्ने कागजपत्रहरू | प्रयोग भएका सामानहरूको खरिद स्थल वा बजार | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

४. व्यवसायको प्रगति अवस्थाः

| | |
|---|---|
| परियोजनाको अवस्थाः | |
| सावाँ र ब्याज तिरे/नतिरेको अवस्था (तिरेको कागजपत्र हेर्ने) | |
| फर्मको समग्र अवस्था | |
| ऋणको सदुपयोग | |
| ब्याज अनुदान भुक्तानीको लागि योग्य भएको/नभएको | |
| सुधारको लागि गर्नुपर्ने कार्यहरू | |

माथि उल्लिखित विवरण ठीक छ भनी सहिछाप गर्ने व्यवसायीको नाम, हस्ताक्षर र मिति

५. ब्याज अनुदान प्राप्त गर्न योग्य/अयोग्य को एकमुस्ट विवरण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| क्र.स. | ऋणीको नाम र ठेगाना | कर्जा उपलब्ध गराएको विषय | कर्जा अवधि | कर्जाको परिमाण रु. | ब्याज अनुदान प्राप्त गर्न योग्य कर्जा रकम रु. | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा रु. | कायम भएको ब्याजदर | हाल सम्म ऋणीबाट असुल भएको साँवा ब्याज रकम रु. | यस त्रैमासिकमा ऋणीबाट प्राप्त ब्याज रकम रु. | ब्याज अनुदान रकम रु. | ब्याज अनुदानका लागि योग्य/अयोग्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

अनुगमनकर्ताः | अनुगमनकर्ताः
नामः | नामः
पदः | पदः
हस्ताक्षरः | हस्ताक्षरः
बैंक/वित्तीय संस्था/सहकारीः | सम्बन्धित कार्यालयको नामः
मितिः | मितिः"

१७. **<u>मूल कार्यविधिको अनुसूची-७ मा संशोधनः</u>** मूल कार्यविधिको "अनुसूची-७" को सट्टा देहायको "अनुसूची-७" राखिएको छः-

अनुसूची-७

(दफा १० को उपदफा (१) र (२), दफा १६ को खण्ड (क) र (ख) र दफा २२ को खण्ड (क) सँग सम्बन्धित)

ब्याज अनुदान भुक्तानीको लागि बैंक/वित्त कम्पनी/लघुवित्त संस्था/सहकारी संस्थाले मन्त्रालय वा कार्यालयमा पेस गर्ने कर्जाको ऋणीहरूको विस्तृत विवरण ढाँचा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

मितिः

श्री उद्योग कृषि तथा सहकारी मन्त्रालय,
विराटनगर।

विषयः ब्याजमा अनुदान प्रदान गरिएको ................ कर्जाको ............. त्रैमासिक/चौमासिक विवरण।

महाशय,

"कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापनकार्यविधि,२०८१"बमोजिम प्रवाह भएको ................................ कर्जाको.................................. त्रैमासिकको विवरण देहाय बमोजिम रहेको छः-

ब्याज अनुदान शोधभर्ना पाउनुपर्ने कर्जाको विवरण

| क्र.सं. | कस्टुमर आईडि, लोन आईडि | ऋणीको नाम र ठेगाना | फार्म/उद्योग/संस्थाको नाम | कर्जा उपलब्ध गराएको विषय | कर्जा अवधि | स्वीकृत कर्जाको परिमाण रु. | प्रवाह भएको कर्जा रकम रु. | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा (रु.) | कायम भएको ब्याजदर | हाल सम्म ऋणीबाट असुल भएको साँवा ब्याज रकम (रु.) | यस त्रैमासिकमा ऋणीबाट प्राप्त ब्याज रकम रु. | यस अवधिको ब्याज अनुदान रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |

प्रमाणीकरण मितिः- २०८३/०१/१५

आज्ञाले,
डा.पशुपति ढुंगाना
प्रदेश सचिव



कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा मुद्रित।
**Website: moial.koshi.gov.np**